# महालक्ष्मी राजपत्र

## संख्याः ३

भागः १ मिति : २०८०/१०/२०

# महालक्ष्मी नगरपालिका, ललितपुर

## महालक्ष्मी प्रज्ञा प्रतिष्ठान ऐन, २०८०

(१५ औं नगर सभाबाट २०८०/१०/१५ मा पारित)

महालक्ष्मी नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट मुद्रित

# महालक्ष्मी प्रज्ञा प्रतिष्ठान विधेयक, २०८०

नेपालको संविधानले तीन तहको सरकारको परिकल्पना गरी कार्य जिम्मेवारीको बाँडफाँड गरेअनुसार महालक्ष्मी नगरपालिकाको भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, संवर्द्धन गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२६ अनुसूचि ८ को व्यवस्था कार्यान्वयनका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम महालक्ष्मी नगरपालिकाको नगरसभाले यो **महालक्ष्मी प्रज्ञा प्रतिष्ठान ऐन** बनाई लागू गरेको छ ।

**परिच्छेद-१**

**प्रारम्भिक**

१. **संक्षिप्त नाम र परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(१) यस ऐनको नाम **महालक्ष्मी प्रज्ञा प्रतिष्ठान ऐन, २०८०** रहनेछ ।

(२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागू हुनेछ ।

२. **परिभाषा:**

क) 'प्रज्ञा प्रतिष्ठान' भन्नाले दफा ३ बमोजिम गठन भएको **महालक्ष्मी प्रज्ञा प्रतिष्ठान** लाई सम्झनु पर्दछ ।

ख) 'प्रज्ञा सभा' भन्नाले दफा ८ बमोजिम गठित प्रज्ञा सभालाई सम्झनु पर्दछ ।

ग) 'प्रज्ञा परिषद' भन्नाले दफा ९ बमोजिम गठित प्रज्ञा परिषदलाई सम्झनु पर्दछ।

घ) 'नगरपालिका' भन्नाले महालक्ष्मी नगरपालिकालाई सम्झनु पर्दछ।

ङ) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले महालक्ष्मी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

च) 'कार्यपालिका सदस्य' भन्नाले महालक्ष्मी नगर कार्यपालिकाका सदस्य सम्झनु पर्दछ।

छ) 'उपाध्यक्ष' भन्नाले नगरपालिकाले मनोनयन गरेको महालक्ष्मी प्रज्ञा प्रतिष्ठानको उपाध्यक्षलाई सम्झनु पर्दछ।

ज) 'परिषद्' सदस्य भन्नाले दफा ९ बमोजिम नगरपालिकाले मनोनीत गरेको महालक्ष्मी प्रज्ञा प्रतिष्ठानको परिषद् सदस्यलाई सम्झनु पर्दछ ।

झ) 'प्रज्ञा सभा' सदस्य भन्नाले दफा ८ बमोजिम महालक्ष्मी प्रज्ञा प्रतिष्ठानको परिषद सदस्यलाई सम्झनु पर्दछ ।

ञ) 'नगर सभा' भन्नाले महालक्ष्मी नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ ।

ट) 'सदस्य सचिव' भन्नाले नगरपालिकाले सदस्य सचिवको कामकाजको जिम्मेवारी तोकिएको अधिकृत कर्मचारीलाई सम्झनु पर्दछ ।

ठ) 'सचिवालय' भन्नाले प्रज्ञा प्रतिष्ठानको सचिवालयलाई सम्झनु पर्दछ ।

ड) 'विज्ञ सूचि' भन्नाले दफा ११ अनुसार गठित विज्ञहरूको सूचिलाई सम्झनु पर्दछ।

ढ) 'संरक्षक' भन्नाले दफा (७) बमोजिमको संरक्षकलाई सम्झनु पर्दछ ।

ण) 'तोकिएको वा तोकिए बमोजिम' भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद-२

## प्रतिष्ठानको स्थापना, काम, कर्तव्य र अधिकार

३. **प्रतिष्ठानको स्थापनाः**

(१) नगरपालिका भित्रको भाषा, साहित्य, संस्कृति, कलाको अध्ययन, अनुसन्धान गरी संरक्षण, संवर्द्धन र विकासका लागि महालक्ष्मी प्रज्ञा प्रतिष्ठान स्थापना गरी सञ्चालनमा ल्याइनेछ।

४. **प्रतिष्ठान स्वायत्त र अधिकार सम्पन्न हुनेः**

(१) प्रज्ञा प्रतिष्ठानले नगरसभाले पारित गरेको बजेट र नीतिको सीमाभित्र प्रज्ञा सभाबाट स्वीकृत कार्यक्रम कार्यान्वयन गर्न सक्ने अभिन्न अङ्ग हुनेछ । यो एक स्वायत्त र अधिकार सम्पन्न संस्था हुनेछ ।

(२) प्रतिष्ठानले व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचबिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ ।

(३) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न र प्रज्ञा प्रतिष्ठान उपर पनि नालिस उजुर लाग्न सक्नेछ।

(४) प्रतिष्ठानले व्यक्ति सरह करार गर्न करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ ।

५. **प्रतिष्ठानको काम, कर्तव्य र अधिकारहरू:**

यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) प्रज्ञा प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्ने,

(ख) भाषा, साहित्य र कला संस्कृतिको अध्ययन अनुसन्धान, संरक्षण, संवर्द्धन र विकासका लागि कार्यक्रमहरू सञ्चालन गर्ने,

(ग) नगरपालिका भित्रका स्रष्टाहरूका सिर्जनाहरूको प्रकाशनको लागि प्रोत्साहन गर्ने,

(घ) साहित्यकारका साहित्यिक कृतिहरू निश्चित प्रतिशत खरिद गरी प्रोत्साहन गर्ने,

(ङ) स्वदेशी तथा विदेशी साहित्यिक कृतिहरू सहयोग वा उपहार स्वरूप ग्रहण गर्ने,

(च) नगरपालिका क्षेत्रभित्रका सामुदायिक पुस्तकालयहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्न प्रोत्साहन गर्ने,

(छ) नगरपालिका भित्र रहेका साहित्यिक संस्थाहरू नगरपालिकामा दर्ता, नवीकरण र सूचीकरण गर्ने,

(ज) नगरपालिकामा भएका भाषा, कला र संस्कृति सम्बद्ध संस्थाहरूको अनुगमन र मूल्याङ्कन गर्ने नियामक निकायको भूमिका निर्वाह गर्ने,

(झ) भाषिक सांस्कृतिक सङ्ग्रहालय स्थापना, सञ्चालन र व्यवस्थापन गर्ने,

(ञ) सङ्घ, प्रदेश सरकार र अन्य स्थानीय तह एवम् नेपाल प्रज्ञा प्रतिष्ठान, नाट्यकला प्रतिष्ठान, ललितकला लगायत सरोकारवाला संस्थाहरूसंग समन्वय र सहकार्य गर्ने,

(ट) भाषा, साहित्य, संस्कृति, सामाजिकशास्त्र, दर्शनशास्त्र आदि विविध विषयको खोज, अनुसन्धान, अन्वेषण गर्न लेखनवृत्ति प्रदान गर्ने,

(ठ) विश्वविद्यालय, महाविद्यालयसंग सहकार्य गरी स्नातकोत्तर तहका विद्यार्थीहरूलाई भाषा, कला, साहित्य, संस्कृतिसँग सम्बन्धित विषयमा शोध कार्यका लागि प्रोत्साहन गर्ने,

(ड) नगरपालिका भित्रका विविध भाषाका कृति र विदेशी भाषामा लेखिएका साहित्यिक कृतिहरूको अनुवादका लागि प्रोत्साहन गर्ने,

(ढ) भाषा, साहित्य, संस्कृति सम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा सम्मेलन, गोष्ठी सञ्चालन गर्ने र सहभागिता जनाउने,

(ण) विभिन्न जातजाति, धर्म, सम्प्रदायका सांस्कृतिक पहिचान झल्कने प्रदर्शनी कक्ष र सङ्ग्रहालय निर्माण गर्ने,

(त) भाषा, साहित्य तथा साधनाका लागी विशिष्ट पहिचान बनाएका स्रष्टाहरूलाई सम्मान गर्ने,

(थ) लोपोन्मुख भाषा, संस्कृतिको संरक्षण गर्ने तथा स्थानीय कलाको संरक्षण, प्रोत्साहन तथा सम्वर्द्धन गर्ने,

(द) कला गृह (आर्ट ग्यालरी) निर्माण गर्ने,

(ध) प्रतिष्ठानको विज्ञ, विद्वान छनोटको मापदण्ड निर्माण गरी विशिष्ट, विद्वान तथा वाङमय साधकलाई आजीवन सदस्यता प्रदान गर्ने,

(न) नगरसभाले पारित गरेका भाषा, साहित्य, कला र संस्कृति सम्बन्धी नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने ।

प) तोकिएका अन्य कामहरु गर्ने ।

## परिच्छेद-३

## प्रतिष्ठानको संरचना

६. **प्रतिष्ठानको संरचनाः** प्रतिष्ठानको संगठनात्मक संरचना देहायबमोजिम हुनेछ ।

क) संरक्षक

ख) प्रज्ञा सभा

ग) प्रज्ञा परिषद

घ) विषयगत विभागहरू

ङ) विज्ञ सूची ।

७. **संरक्षकः**
राष्ट्रिय जीवनमा विशिष्ट पहिचान भएका व्यक्तित्वहरूबाट प्रज्ञा सभाले मनोनयन गरेका व्यक्तित्वहरु संरक्षकमा रहनेछन् ।

८. **प्रज्ञा सभाः**
(१) प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा एक प्रज्ञा सभा रहनेछ ।
(२) प्रज्ञा सभामा १५ जना सदस्य रहनेछन् । सभाको गठन देहायअनुसार हुनेछन्-
क) नगर प्रमुख -कुलपति
ख) नगर उप प्रमुख -सदस्य
ग) प्रज्ञा प्रतिष्ठानको उपाध्यक्ष -सदस्य
घ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
ङ) नगरपालिका क्षेत्रभित्र रहेका भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा विशिष्ट पहिचान बनाएका संस्थाका प्रतिनिधि तथा व्यक्तिहरूमध्येबाट (कम्तिमा स्नातक तह उर्तीण) समावेशी सिद्धान्तका आधारमा सिफारिस समितिबाट प्राप्त भएको सूचीको आधारमा कम्तिमा २ जना महिलासहित ३ जना —सदस्य
च) नगरपालिकाको प्रवक्ता —सदस्य
छ) प्रज्ञा सभाले मनोनयन गरेका दुई जना —सदस्य
ज) नगरपालिकाले तोकेको शिक्षा प्रमुख - सदस्य सचिव
(३) उपदफा (ख), (ङ) र (छ) बमोजिम मनोनीत उपाध्यक्ष र सदस्यहरूको पदावधि ३ वर्षको हुनेछ ।
(४) कुनै कारणले प्रज्ञा सभाका मनोनीत सदस्यको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि त्यस्तो सदस्य जुन विधा, क्षेत्रबाट मनोनीत भएको हो सोही विधा, क्षेत्र र प्रक्रियाबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

९. **प्रज्ञा सभाको काम, कर्तव्य र अधिकारः** प्रज्ञा सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क) प्रज्ञा प्रतिष्ठानको नीति निर्माण गर्ने,

ख) नगर सभाले तोकेको बजेटको सीमामा रही प्रतिष्ठानको वार्षिक योजना र कार्यक्रम स्वीकृत गर्ने,

ग) प्रतिष्ठानको वार्षिक बजेट पारित गर्ने,

घ) विद्वतवृत्ति, सम्मान र पुरस्कार अनुमोदन गर्ने,

ङ) परिषदलाई आवश्यक निर्देशन र मार्गदर्शन गर्ने,

च) परिषदको कामको अनुगमन र मूल्याङकन गर्ने,

छ) प्रतिष्ठानको नियमावली स्वीकृत गर्ने,

ज) प्रज्ञा सभाले आवश्यक ठानेका अन्य काम गर्ने,

६) प्रज्ञा सभाको अधिवेशन वर्षमा कम्तिमा १ पटक बस्नेछ । बैठक बस्नुअघि बैठक बस्ने स्थान, मिति, समय र छलफलको कार्यसूचीसहितको सूचना सभाका सदस्य सचिवले सदस्यहरूलाई कम्तीमा ४८ घण्टा पहिले दिनुपर्नेछ ।

७) सभामा तत्काल कायम रहेका सदस्यको सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्यहरू उपस्थित भएमा सभाको अधिवेशनको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

८) अधिवेशनको अध्यक्षता कुलपति र निजको अनुपस्थितिमा नगर उपप्रमुखले गर्नेछन।

९) सभाको अधिवेशनमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछन ।

१०) सभाको निर्णय सभाको सदस्य सचिवले प्रमाणित गरी राखेछन ।

११) सभाको अन्य कार्यविधि सभा आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

१०. **<u>प्रज्ञा परिषदको गठनः</u>**

१) प्रज्ञा प्रतिष्ठानको कार्य संचालन गर्नका लागि एक कार्यकारिणी निकायको रुपमा देहाय बमोजिमको प्रज्ञा परिषद रहनेछ ।

क) प्रज्ञा प्रतिष्ठानको उपकुलपती -प्रमुख

ख) प्रज्ञा सभा सदस्यमध्येबाट कम्तिमा १ जना महिलासहित ५ जना - सदस्य

ग) नगरपालिकाले तोकेको अधिकृतस्तरको कर्मचारी

- सदस्य सचिव

(३) कुनै कारणले उपदफा १ ख) बमोजिमको सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनयन भएको हो सोही विधा वा क्षेत्र र प्रक्रियाबाट अर्को व्यक्तिलाई मनोनयन गरिनेछ ।

(४) परिषद अन्तर्गत नगर कार्यपालिकाका विषयगत समितिका संयोजक पदेन सदस्य रहने गरी भाषा-साहित्य, कला र संस्कृति जस्ता विषयगत क्षेत्र हेर्ने गरी विभागहरू गठन गर्न सकिनेछ।

११. प्रज्ञा परिषदको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

क) प्रज्ञा सभाले गरेका निर्णयहरू कार्यान्वयन गर्ने,

ख) प्रज्ञा सभाले दिएको निर्देशन पालना गर्ने,

ग) सदस्य सचिवले पेस गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा कार्यक्रमहरूको सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि प्रज्ञा सभामा पेस गर्ने,

घ) विद्वतवृत्ति, सम्मान तथा पुरस्कार अनुमोदनका लागि प्रज्ञा सभामा पेस गर्ने,

ङ) परिषदको कामकारबाहीको सम्बन्धमा आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली, विषयगत विभागहरू गठन गर्ने र त्यस्तो समिति, उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार तोक्ने,

च) तोकिए बमोजिमको काम गर्ने ।

१२. <u>सिफारिस समितिः</u>

(१) प्रतिष्ठानले उप-कुलपति, मनोनीत हुने प्रज्ञा सभाका सदस्यहरू र प्रज्ञा परिषदका सदस्यहरूको मनोनयनका लागि नगरपालिकासमक्ष सिफारिस गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा नगरपालिका प्रमुखले तोकेका २ जना प्रतिष्ठित विज्ञ वा विद्वानहरू सम्मिलित सिफारिस समिति गठन गर्नेछ।यस समितिले विज्ञ सूचीमा समावेश गर्नुपर्ने विज्ञ, विद्वान र अध्येताहरूको छनौट गर्ने कार्य समेत गर्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित सिफारिस समितिले नगरपालिकाबासी एवम् क्षेत्रभित्र रहेका कला, संस्कृति, दर्शन, साहित्य तथा सामाजिक शास्त्रसम्बन्धी विधामा कम्तिमा १० वर्षदेखि क्रियाशील रहेका अध्ययन, अध्यापन, अनुसन्धान र कार्यक्रममा अनुभव हासिल गरेका, प्राज्ञिक क्षेत्रमा विशिष्ट पहिचान बनाएका ख्यातिप्राप्त व्यक्तिहरूमध्येबाट सम्भव भएसम्म भाषा-साहित्य, कला, संस्कृति, दर्शन तथा सामाजिक शास्त्रसम्बन्धी सबै विधाबाट प्रतिनिधित्व हुने जाति, लिङ्ग, भाषाभाषी समेतलाई समेट्ने गरी तेब्बर संख्यामा नाम नगरपालिका समक्ष मनोनयको लागि सिफारिस गर्नेछ।

(३) सिफारिस समितिबाट सिफारिस भई आएका व्यक्तिहरू मध्येबाट नगर कार्यपालिकाले एक जना उप कुलपती, कम्तीमा एक जना महिलासहित ५ जना प्रज्ञा परिषद सदस्य र प्रज्ञा सभा सदस्यहरूको मनोनयन गर्नेछ ।

**१३. विज्ञसूचीः**

प्रतिष्ठानले देश विदेशका इच्छुक विषयविज्ञ, विद्वान र अध्येताहरूलाई खुला सूचना आव्हान गरी विभिन्न क्षेत्रमा विज्ञ व्यक्तिहरूको रोस्टर सूची बनाउनु पर्नेछ। यसको व्यवस्थापन र अद्यावधिक गर्ने काम प्रज्ञा परिषदले गर्नु पर्नेछ ।

## परिच्छेद-४

## प्रदाधिकारी तथा निजको काम कर्तव्य अधिकार

**१४.(१)** प्रतिष्ठानको कुलपति नगर प्रमुख रहनेछन ।

उप कुलपती प्रतिष्ठानको प्रमुख कार्यकारी पदाधिकारी हुनेछ ।

(२) उप कुलपती नियुक्तिः नगरपालिकाका प्रमुख ले कार्यपालिकामा निर्णय गराई उपदफा १० बमोजिम गठित सिफारिस समितिको सिफारिसका आधारमा प्रतिष्ठानको उप कुलपति नियुक्ति गर्नेछन ।

(३) उप कुलपतीको काम, कर्तव्य र अधिकारः

यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उप कुलपतिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

क) सभाले दिएको निर्देशन र परिषदले गरेको निर्णय कार्यान्वयन गर्ने, गराउने,

ख) वार्षिक कार्यक्रम, बजेट, कार्यक्रमहरू र प्रगति प्रतिवेदन तयार गर्ने, गराउने ।

ग) स्वदेशी तथा विदेशी सङ्घ-संस्थाहरूसँग प्रज्ञा प्रतिष्ठानको कामसँग सम्बन्धित विषयमा सम्पर्क, समन्वय गर्ने, गराउने,

घ) तोकिए बमोजिम काम गर्ने,

१५. **प्रज्ञा सभा सदस्यः** (१) प्रज्ञा प्रतिष्ठानको उद्देश्य पूर्तिका लागि दफा ७ (२) बमोजिमको प्रज्ञा सभा सदस्यहरू रहनेछन्।

२) प्रतिष्ठानका कुलपतीले उपदफा १० बमोजिम गठित समितिको सिफारिसमा प्रज्ञा सभा सदस्यको नियुक्ति गर्नेछ ।

१६. **प्रज्ञा परिषद सदस्यः** (१) प्रज्ञा प्रतिष्ठानको काम कारबाहीलाई व्यवस्थित ढङ्गले सञ्चालन गर्न दफा ८ (२) बमोजिम प्रज्ञा परिषद सदस्यहरू रहनेछन् ।

१७. **पद रिक्त हुनेः** १) देहायको अवस्थामा प्रतिष्ठानका प्रमुख, उप कुलपती, प्रज्ञा सभाका सदस्यहरू र प्रज्ञा परिषदका सदस्यहरूको पद रिक्त भएको मानिनेछः

क) निजको पदावधि समाप्त भएमा,

ख) निजले राजीनामा दिएमा,

ग) निजको मानसिक सन्तुलन ठीक नभएमा,

घ) निजले नैतिक पतन देखिने फौजदारी अभियोग अदालतबाट सजाय पाएमा,

ङ) निजको मृत्यु भएमा ।

१८. **पदबाट हटाउन सक्नेः**

(१) प्रतिष्ठानका उप कुलपती, प्रज्ञा सभा तथा प्रज्ञा परिषदका मनोनीत सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमानदारीपूर्वक कार्य नगरेको वा निजमा कार्य क्षमताको अभाव भएको कारण देखाई प्रज्ञा सभामा

तत्काल कायम रहेका कम्तीमा एक चौथाइ सदस्यले कुलपती समक्ष निवेदन दिएमा एक छानबिन समिति गठन गर्नेछ ।

(२) उपदफा १ बमोजिम गठित छानबिन समितिले सो सम्बन्धमा छानबिन गरी आफ्नो प्रतिवेदन कुलपती समक्ष पेस गर्नेछ ।

(३) उपदफा २ बमोजिम पेस भएको प्रतिवेदनबाट निजलाई पदबाट हटाउन उपयुक्त लागेमा कुलपतीले हटाउन सक्नेछ।

(४) प्रतिष्ठानको उप कुलपती, प्रज्ञा सभाका सदस्य र प्रज्ञा परिषदका सदस्यहरूलाई पदबाट हटाउनु अघि सफाइको मौका दिनुपर्नेछ।

१९. <u>सचिवालयः</u> (१) प्रतिष्ठानको सचिवालय नगरपालिकामा रहनेछ।

(२) प्रतिष्ठानको सम्पर्क समन्वय शाखाको रूपमा साँस्कृतिक मामिला हेर्ने शाखा रहनेछ ।

३) प्रतिष्ठानको वार्षिक प्रतिवेदन यसै शाखामार्फत नगरपालिकामा पेस हुनेछ ।

(४) सचिवालयमा प्रतिष्ठानका सचिव तथा आवश्यकता अनुसार अन्य कर्मचारीहरू रहन सक्नेछन् ।

## परिच्छेद-५

## <u>कर्मचारी व्यवस्थापन तथा सेवा, शर्त र सुविधा</u>

२० <u>कर्मचारीसम्बन्धी व्यवस्थाः</u>

(१) प्रतिष्ठानका लागि आवश्यक पर्ने कर्मचारीहरू प्रतिष्ठान वा नगरपालिकाको श्रोतबाट खर्च व्यहोर्ने गरी नगर कार्यपालिकाले तोकिए बमोजिम नियुक्त गर्न सक्नेछ । तर तत्कालका लागि नगर कार्यपालिकाका कर्मचारीहरुलाई अतिरिक्त जिम्मेवारीको रुपमा समेत खटाउन सकिनेछ ।

(२) प्रतिष्ठानमा काजमा खटिएका कर्मचारीलाई नगरपालिकाले अन्यत्र काज खटाउनु वा सरुवा गर्नु परेमा त्यसको सूचना सिफारिस समितिलाई दिनेछ ।

(३) प्रतिष्ठानमा काज खटिएका नगरपालिकाका कर्मचारीको सरुवा, बढुवा र विभागीय कारवाही स्थानीय सेवाका कर्मचारीको सेवा सम्बन्धी ऐन कानून बमोजिम हुनेछ ।

२१. **पारिश्रमिक र भत्ताः** (१) प्रतिष्ठानका उप कुलपती, प्रज्ञा सभाका सदस्य तथा प्रज्ञा परिषदका सेवा, सुविधा नगर कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) प्रतिष्ठानको बैठकमा भाग लिएबापत प्रतिष्ठानको प्रज्ञा सभा, प्रज्ञा परिषद र विभागीय समितिका पदाधिकारी एवम् सदस्यले प्रचलित कानुन बमोजिम दैनिक भ्रमण भत्ता, यातायात सुविधा, बैठक भत्ताका अतिरिक्त विज्ञ सेवाबापतको पारीश्रमिक समेत स्वीकृत बजेटको सीमाभित्र रहि नियमानुसार पाउन सक्नेछन् ।

## परिच्छेद-६

## कोष र लेखापरीक्षण

२२. **प्रतिष्ठानको कोषः** (१) प्रतिष्ठानको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरू रहनेछन्

(क) नगरपालिकाबाट प्राप्त रकम,

(ख) नेपाल सरकार, प्रदेश सरकार, राष्ट्रिय वा अन्तर्राष्ट्रिय सङ्घ संस्थाबाट प्राप्त रकम,

(ग) प्रवेश शुल्क, भाडा तथा कक्ष शुल्कबाट उठेको रकम,

घ) अध्ययन, अनुसन्धान र कार्यक्रम सञ्चालनबाट आर्जित रकम,

(ङ) प्रचलित कानून अनुसार अन्य स्रोतबाट प्राप्त रकम

प्रतिष्ठानको कोषको सञ्चालन नगरपालिकाले तोके बमोजिम हुनेछ ।

२३. **लेखा र लेखापरीक्षणः**

(१) प्रतिष्ठानको आयव्ययको लेखा नगरपालिकाले तोके बमोजिम राखिनेछ ।

(२) प्रतिष्ठानको लेखापरीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

(३) नगरपालिकाले चाहेमा जुनसुकै बखत पनि प्रतिष्ठानको हिसाब किताब जाँच्न वा जँचाउन सक्नेछ ।

२४. **वार्षिक प्रतिवेदनः**

प्रतिष्ठानले आफूले वर्षभरि सम्पादन गरेको कामको संक्षिप्त विवरण, समितिले गरेको आम्दानी तथा खर्च, कामकारबाही गर्दा देखिएका समस्या, लेखापरीक्षकको प्रतिवेदनमा उल्लिखित संक्षिप्त व्यहोरा तथा भविष्यमा

सञ्चालन गर्ने योजना तथा कार्यक्रमसमेत समावेश गरी प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले चार महिनाभित्र नगरपालिका समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन नगरपालिकाले सार्वजनिक गर्नुपर्नेछ ।

## परिच्छेद-७
## विविध

२५. **अधिकार प्रत्यायोजनः**

(१) प्रतिष्ठानले आवश्यकतानुसार आफ्नो केही अधिकार प्रज्ञा परिषदका प्रमुख, उप उपकुलपती, प्रज्ञा सदस्य, सदस्य सचिव, वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) उप कुलपती, प्रज्ञा सदस्य मनोनयन गर्दा नगरपालिका क्षेत्र भित्र शैक्षिक, प्राज्ञिक तथा सरकारी क्षेत्रमा कार्यरत व्यक्तिहरुलाई समेत मनोनयन गर्न सकिनेछ । तर निजहरुलाई नियमानुसारको भत्ता बाहेक दोहोरो पारिश्रमिक भुक्तानी गरिने छैन ।

२६ **शपथ ग्रहणः** प्रतिष्ठानका उप कुलपती, प्रज्ञा सभा तथा परिषदका मनोनीत सदस्यहरूले अनुसूची-१ बमोजिम प्रमुख समक्ष शपथ लिनु पर्नेछ ।

२७ **सदस्यता वितरणः** प्रतिष्ठानले मापदण्ड निर्धारण गरी नगरपालिकाको भाषा-साहित्य, कला-संस्कृतिको क्षेत्रमा विशिष्ट योगदान पुर्‍याउने स्रष्टाहरूलाई ऐन बमोजिम विशिष्ट, श्रेयस्कर, आजीवन सदस्यता उपलब्ध गराउन सक्नेछ ।

२८. **छापः** प्रतिष्ठानको अनुसुची २ बमोजिम छुट्टै प्रतीक चिन्ह/लोगो, लेटर प्याड र छाप हुनेछ ।

२९. **नियमः** नगरपालिकाले यस ऐनको उद्देश्य कार्यान्वयनका गर्न नियम, कार्यविधि र निर्देशिका बनाउन सक्नेछ ।

# अनुसूची-१

## शपथ

## दफा २६ सँग सम्बन्धित

म........................................................सत्य र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु । ईश्वर, देश, नगर र जनताको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सावभौमसत्ता नेपाली जनतामा मात्र निहीत रहेको नेपालको संविधानप्रति पूर्ण बफादार रही महालक्ष्मी प्रज्ञा प्रतिष्ठानको ......................................... पदको कामकाज प्रचलित कानुनको अधीनमा रही कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराब भावना नलिई, इमानदारितासाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानुनको पालना गर्दाबाहेक अरू अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन ।

**शपथ ग्रहण गर्नेको**

नाम र थरः दस्तखतः

पदः

मितिः

**शपथ ग्रहण गराउनेको**

नाम र थरः दस्तखतः

पदः प्रमुख

मितिः

## अनुसूची-२.१
## प्रतीक चिन्ह
## दफा २८ सँग सम्बन्धित

षट्कोणको बीचमा सरस्वतीको तस्विर रहने, त्यसको सिरानमा महालक्ष्मी नगरपालिका र सोको मुनि दोश्रो हरफमा ठुलो अक्षरमा महालक्ष्मी प्रज्ञा प्रतिष्ठान षट्कोणको मुनि पट्टि पहिलो हरफमा ललितपुर र दोस्रो हरफमा स्थापना २०८० रहनेछ ।

**महालक्ष्मी नगरपालिका**

**महालक्ष्मी प्रज्ञा प्रतिष्ठान**

**ललिततुर**

**स्थापना २०८०**

अनुसुची २.२

लेटर प्याड

**महालक्ष्मी नगरपालिका**

**महालक्ष्मी प्रज्ञा प्रतिष्ठान**

**बागमती प्रदेश ललितपुर**

**स्थापना २०८०**


**मिति -----------------**

**प.स......**

**च.नं......**

## अनुसुची २.३

### छाप




प्रमाणीकरण मिति : २०८०/१०/१७

आज्ञाले,
प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

महालक्ष्मी नगरपालिका, ललितपुर

मूल्यः रु १० मुद्रणः २०० प्रति